## सेवकाईका लागि सोचमा परिवर्तनः

सेवकाईमा हामी सेवा र नेतृत्व गर्ने काममा बुद्धिमान् हुनु साँच्चै महत्त्वपूर्ण हुन्छ। निश्चय, हामी पवित्र आत्माको शक्तिमा भर पर्दछौं। अवश्य, परमेश्वर आउनुहुन्छ र हामीले सोचेका वा कल्पना गरेका भन्दा धेरै काम गर्नुहुन्छ। तर यसको अर्थ हामी जे गर्न लागेका हुन्छौं त्यसमा हामी साँच्चै बुद्धिमान्, रणनीति बनाउन कुशल हुनुपर्छ भन्ने होइन। यसको पछाडि एउटा उद्देश्य हुन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, त्यो कुरा वास्तवमा हामीमा हुने सोचमा हुन्छ। त्यसैले खम्बाहरू पाठ्यक्रममा रणनीतिक योजना र रणनीतिको सोच (वा मानसिकता)हुनु हाम्रो लागि साँच्चै उपयोगी औजार हुन्छ।

अनि हामी सेवकाईको बारेमा कसरी सोच्छौं र हाम्रा अगुवाहरूको बारेमा कसरी सोच्छौं भन्ने कुराले वास्तवमा हामीले गर्ने विश्वास र गर्ने कामलाई प्रभावित गर्दछ अनि आखिरमा परिणामलाई पनि प्रभावित गर्दछ। यो हाम्रो लागि एउटा अति महत्त्वपूर्ण पदमा वर्णन गरिएको छ, त्यो धर्मशास्त्रमा मेरो सबैभन्दा मनपर्ने पदहरू मध्ये एक हो। रोमी अध्याय १२:२ ले भन्छ, “यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित हो, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।”

सेवकाईमा, हामी सबै परमेश्वरको इच्छा जान्न चाहन्छौं। तपाईंको योजना के हो? तपाईंको उद्देश्य के हो? म तपाईंको अगुवाइमा चल्छु। पावलले मण्डलीलाई लेख्दै यसो भनेका छन्, “सुन, यस संसारको ढाँचामा नचल। संसारले हरसमय सोच्ने गरे जस्तो नसोच। संसारको सोचलाई मात्र नपछ्याओ, तर परिवर्तित होओ।” अनि परिवर्तित हुनु शब्दको अर्थ माथि उठ्नु हो।

त्यसभन्दा माथि उठ्नुहोस् र नयाँ मन प्राप्त गर्नुहोस्। किनकि हामीसँग परमेश्वरका आत्मा हुनुहुन्छ, किनकि हामीसँग ख्रीष्टको मन छ, हामी फरक प्रकारले सोच्न सक्छौं।

हामीले फरक र रचनात्मक तरिकाले सोच्दा परमेश्वरले हाम्रो सेवकाईका लागि अविश्वसनीय रूपमा फलदायी तरिकाले हामीद्वारा काम गरिरहनुभएको देख्न सक्छौं। त्यसैले यस तालिममा, म तपाईंलाई पाँचवटा ती कुराहरू बताउँछु, जुन मेरो विचारमा सोच(मानसिकता)परिवर्तनहरूको सम्बन्धमा धेरै महत्त्वपूर्ण छन्। म संसारभर यात्रा गर्छु र म धेरै सेवकाई अगुवाहरूमा एउटै मानसिकता भएको देख्छु। मलाई लाग्छ, हामीले मानसिकता परिवर्तन गर्नु, मनको नवीकरणद्वारा परिवर्तित हुनु आवश्यक छ, जसले हामीलाई रणनीतिक रूपमा उहाँको सिद्ध इच्छा के हो भनेर जान्ने र आफ्नो सेवकाई फलदायी भएको देख्ने स्थितिमा राख्दछ।

पहिलो परिवर्तन हामी सफलताको बारेमा कसरी सोच्छौं भन्ने कुरासित सम्बन्धित छ। जब तपाईं सेवकाईमा हुनुहुन्छ, तपाईं सफलताको बारेमा सोच्नुहुन्छ, तपाईं फलदायी हुनेबारे सोच्नुहुन्छ। अनि धेरै पटक, हामी वृद्धि हुने, अझ धेरै प्राप्त गर्ने विचारले सोच्छौं। यदि मेरो मण्डलीमा निश्चित संख्यामा मानिसहरू छन् भने, म कसरी धेरै मानिसहरू प्राप्त गर्छु? यदि मसँग निश्चित बजेट छ भने, म कसरी अझ धेरै बजेट प्राप्त गर्छु? त्यसैले हामी वृद्धिको बारेमा सोच्दछौं। म तपाईंलाई उत्साह दिन चाहन्छु, कि तपाईंले आफ्नो सोचलाई वृद्धि हुनेबाट परिवर्तन गरेर नवीकरणतिर लगाउनुहोस्।

केवल धेरैको बारेमा नसोचेर नयाँको बारेमा सोच्नुहोस्। धेरै पाउनका निम्ति सुधार गर्नुको साट्टामा केही नयाँको बारेमा सोच्नुहोस्। परमेश्वरले कुन नयाँ कुरा गर्न चाहनुहुन्छ? कुन नयाँ तरिकाले गर्न चाहनुहुन्छ? पत्रुस कर्नेलियसको घरमा गएका घटनामा, त्यस बेलासम्म तिनले सुसमाचार यहूदीहरूका निम्ति मात्र हो भनी सोचेका थिए। तिनी कर्नेलियसको घरमा जान्छन्, जो एक अन्यजाति थिए, र पत्रुसले यो दर्शन पाउँछन् र उनी भन्छन्,

"अब मलाई यो कुरा कति सत्य छ भनी थाहा भयो।" तिनले यो नयाँ वास्तविकता थाहा पाउँछन्। अब पत्रुसले अहिले सेवकाईको बारेमा जे सोचिरहेका छन् त्यो एउटा नयाँ हो।

सेवकाईमा के हुन्छ त्यो तपाईं देख्नुहुन्छ। एउटा चक्र घुमिरहन्छ। तपाईं धेरै कठो परिश्रम गर्नुहुन्छ, तपाईं धेरै बलिदान गर्नुहुन्छ, र सेवकाई सफल हुन्छ र तपाईं निर्माण गर्नुहुन्छ। कहिलेकहीँ तपाईं यस्तो प्रकारले निर्माण गर्नुहुन्छ कि तपाईंसँग वास्तवमा भवनहरू र जग्गा-जमिनहरू हुन्छन्। कहिलेकहीँ तपाईं यस्तो प्रकारले निर्माण गर्नुहुन्छ कि तपाईंले पहिचान र प्रतिष्ठा प्राप्त गर्नुहुन्छ। अनि तपाईंले आफ्नो सेवकाई जति धेरै निर्माण गर्नुहुन्छ, त्यति नै त्यो चक्रमा तपाईंले आफूले निर्माण गरेको कुरालाई सुरक्षित गर्न चाहनुहुन्छ।

अनि जब तपाईं आफूले निर्माण गरेको कुरालाई सुरक्षित गर्न चाहनुहुन्छ, यसले तपाईंलाई "हामी कुन नयाँ कुरा गर्न सक्छौं?" भन्नबाट रोक्छ। किनकि प्रायः कुनै नयाँ कुरा गर्नाले त्यहाँ रहेको पुरानोलाई खतरामा पार्दछ। मानिसहरू त्यस्तो प्रकारको परिवर्तन चाहँदैनन्। तपाईंले निर्माण गर्नुभएको कुरालाई तपाईं जोखिममा पार्न चाहनुहुन्न। तपाईं यस कुरामा साँच्चै स्पष्ट हुनुपर्छ। तपाईंले आफैलाई मूल्याङ्कन गर्नुपर्छ। तपाईंले आफ्नो हृदय जाँच गर्नुपर्छ।

के म केवल वृद्धिको बारेमा सोचिरहेको छु? वा म नयाँ कुरा गर्नेबारे सोचिरहेको छु?

के म मैले बनाएको कुराको रक्षा गर्दैछु? येशूले यूहन्ना १५ मा यो कुरा सिकाउनुभयो जब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "सुन, जब यो हाँगाको कुरा आउँछ, यो फलदायिताको कुरा आउँछ, तिमीहरूले त्यसलाई छिँवल्नु पर्छ।"

तपाईं सुकेका (मरेका) हाँगाहरू मात्र छिँवल्नुहुन्न। तपाईं हरिया (जिउँदा) हाँगाहरूलाई पनि छिँवल्नुहुन्छ। जब तपाईं आफ्नो यो सोचलाई वृद्धिबाट परिवर्तन गरी नयाँ कार्य गर्नेतिर लगाउनुहुन्छ, तब तपाईं आफैलाई यो प्रश्न गर्नुहुन्छ, "हामीले कुन त्यो काम राम्रो गरिरहेका छौं, जुन सायद छिँवल्नु आवश्यक छ, जुन समाप्त भएपछि कुनै नयाँ काम गर्न सकिन्छ, ताकि परमेश्वरले पूर्ण रूपमा नयाँ तरिकाले केही गर्न सकून् जसमा वृद्धि साथै नयाँपन पनि हुन्छ?"

हुन सक्छ, यो वर्ष सफलताको नाप(मानदण्ड) यो हुन सक्छ, कि हामीले कति धेरै काम गर्‍यौं होइन,तर परमेश्वरले कुन नयाँ काम गर्नुभयो? त्यसपछि त्यहाँ दोस्रो परिवर्तन छ, र त्योचाहिँ तपाईं अगुवाहरूको बारेमा कसरी सोच्नुहुन्छ भन्ने हो, एक अर्थमा तपाईं आफ्नो भूमिकाको बारेमा कसरी सोच्नुहुन्छ भन्ने कुरा हो।

म तपाईंलाई दुईवटा उपमा दिन्छु। धेरै पटक जब म अगुवाहरूसँग काम गर्छु, तिनीहरूले आफ्नो भूमिका र आफ्नो सेवाको बारेमा प्रायः एक विजेताले जस्तै सोचेका पाउँछु। त्यहाँ हामीले जित्नु पर्ने यो पहाड छ। त्यहाँ हामीले जित्नु पर्ने यो लडाइँ छ, र सेवकाईलाई एक प्रकारको विजयको रूपमा हेरिन्छ।

अनि म त्यो कुरा बुझ्छु। तर सायद अगुवाहरूको रूपमा हामीले आफूलाई वास्तुकारको रूपमा सोच्नु पर्छ। यो हामीले जित्न र प्राप्त गर्न खोजिरहेका कुरा होइन। यो हामीले निर्माण गर्न खोजिरहेका कुरा हो, एउटा यस्तो निर्माण जुन हाम्रो जीवनकालदेखि उता पनि रहिरहनेछ। एक विजेताबाट वास्तुकार बन्ने यो सोच( मानसिकता)परिवर्तन सफलताका निम्ति अल्पकालिक रणनीतिबाट केही यस्तो कुरा निर्माण गर्नु हो, जुन वास्तवमा स्थायी हुन्छ।

येशूले १२ चेला किन रोज्नुभयो भन्नेबारे विचार गर्नुहोस्। हामी इमानदार बनौं। हामीमध्ये कसैले पनि आफ्नो झुण्डका लागि उहाँले चुन्नुभएका १२ जनालाई चुन्ने थिएनौं। हामी विजेता हुनेछौं। अनि विजेताहरू तपाईंले प्राप्त गर्न चाहनुभएको विजय प्राप्त गर्न तपाईंको वरिपरिका उत्कृष्ट सिपाहीहरूले होस् भन्ने चाहन्छ।

तर येशूजस्ता वास्तुकारहरूले मण्डली निर्माण गर्नु एक दीर्घकालीन प्रक्रिया हो भनी बुझ्नुभयो। उहाँले केवल १२ जना व्यक्तिलाई निर्माण गर्न तीन वर्ष बिताउनुभयो। हजारौं वर्षको अवधिमा ती चेलाहरूले हामी मध्येबाट करोडौं जना उत्पन्न गर्नेछन्।

कहिलेकहीँ अगुवाको रूपमा जब हामीसँग विजेता मात्र हुन्छ, तब हामीसँग छोटो अवधिका सफलताहरू मात्र हुन्छन्, तर तिनीहरू सजिलै परिवर्तन हुन्छन्। र कहिलेकहीँ तिनीहरूले दीर्घकालीन विकासका लागि निर्माण गर्दैनन्। एक अर्थमा, के तपाईंसँग त्यस्तो दर्शन हुन सक्छ जुन तपाईं पूरा गर्न सक्नुहुन्न? तपाईंलाई त्यो दर्शन अगि बढेर लैजाने अर्को पुस्ता चाहिन्छ। यदि तपाईंसँग त्यस्तो दर्शन छ जुन धेरै ठूलो भएकोले तपाईंले पूरा गर्न सक्नुहुन्न भने तपाईं एक वास्तुकार बन्नुहुन्छ। म कसरी कुनै कुरा कसरी निर्माण गर्न सक्छु जुन मेरो स्थायी हुन सक्छ? म मेरा वरपरका मानिसहरूसित धेरै कुराकानी गर्दछु, तर म यस्तो कुरा कसरी निर्माण गर्न सक्छि जुन सेवकाईका लागि पनि स्थायी हुन सक्छ?

जुन अबको १० वा २० वर्षपछि त्यो कुरा यहाँ हुन सक्छ। यदि तपाईं केवल एक विजेता हुनुहुन्छ भने, तपाईंले चाँडै छोटो अवधिको विजय प्राप्त गर्नुहुन्छ, तर धेरै पटक तिनीहरू कमजोर हुन्छन् र पतन हुन्छन्। यदि तपाईं वास्तुकार हुनुहुन्छ भने, तपाईंसँग सेवकाईमा स्थायी दीर्घकालीन निर्माण गर्नुहुन्छ। त्यसपछि त्यहाँ तेस्रो सोच ( मानसिकता)परिवर्तन हुन्छ, जुन मलाई लाग्छ धेरै नै महत्त्वपूर्ण छ। अनि योचाहिँ तपाईं वास्तवमा आफ्नो कामको बारेमा कसरी सोच्नुहुन्छ भन्ने कुरा हो।

तपाईंसँग भएको कामको बारेमा तपाईं कसरी सोच्नुहुन्छ? धेरै पटक समय जब म अगुवाहरूसँग कुरा गर्छु र उनीहरू कामको बारेमा सोचिरहेका हुन्छन्, तब उनीहरू आफ्ना कार्यक्रमहरूको बारेमा सोचिरहेका हुन्छन्। म अगुवाहरूलाई उनीहरूको भूमिका के हो भनेर सोध्छु र जवाफमा उनीहरूले कार्यक्रममा आफ्नो भूमिकाको वर्णन गर्नेछन्। म बाल-बालिकाहरूको माझमा सेवकाई गर्दछु। म यस मण्डलीको पास्टर हुँ। मसँग यो सुसमाचार कार्यक्रम छ, जुन म गर्छु। अनि उनीहरूले आफ्नो कार्यक्रमको वर्णन गर्छन्। उनीहरूले आफ्नो कार्यक्रमको पछाडिको कारण वर्णन गर्ने कुरा त्यति धेरै हुँदैन। धेरै पटक उनीहरू आफ्नो कार्यक्रम गर्नुको कारण बताउँदैनन्।

म तपाईंलाई उत्साह दिन चाहन्छु, जब तपाईं आफ्नो सेवकाईको कामको बारेमा सोच्नुहुन्छ, तब कार्यक्रमहरूको बारेमा नसोचेर त्यो कार्यक्रम गर्नुको कारणबारे सोच्नुहोस्। कार्यक्रमहरू महत्त्वपूर्ण हुन्छन्। कार्यक्रमहरू सधैं आवश्यक हुनेछन्, तर कार्यक्रमहरूले तपाईंलाई परिभाषित गर्दैनन्। सफलताले पनि तपाईंलाई परिभाषित पनि गर्नुहुँदैन।

जुन कारण छ, त्यसैले तपाईंलाई परिभाषित गर्दछ। पावलले भन्ने गर्थे, "भाइ, मेरो पहिचान, मेरो काम अन्यजातिहरूकहाँ सुसमाचार पुर्‍याउनु हो।" पत्रुस भन्थे, "मेरो पहिचान, मेरो काम यस संसारमा सुसमाचार पुर्‍याउनु हो।" तिनीहरूले कार्यक्रम गर्नुको कारणद्वारा नै यसलाई परिभाषित गरे।

अनि सोच वा मानसिकतामा यस्तो परिवर्तन हुनु धेरै महत्त्वपूर्ण छ, किनकि जब तपाईंसँग कार्यक्रम गर्ने मानसिकता हुन्छ, तपाईं सधैं व्यवस्थापनमा ध्यान केन्द्रित गर्नुहुन्छ। म भइरहेका कार्यक्रमहरूलाई कसरी व्यवस्थापन गर्छु? तर जब तपाईंमा कारण (उद्देश्य)मा अर्थात्, हामी किन यी कार्यक्रमहरू गरिरहेका छौं? यसको कारण (उद्देश्य) के हो? भन्ने सोच हुन्छ, तब तपाईंमा दर्शनमा केन्द्रित सोच(मानसिकता)बढी हुन्छ, र त्यो

स्थितिमा तपाईंसँग रचनात्मक परिवर्तनहरू गर्ने धेरै मौका हुन्छ, जुन गर्न पनि सकिन्छ। यो कुरा म यसरी भन्न चाहन्छु। यदि मैले तपाईंलाई सोधें,"यस्तो कुन समस्या छ, जुन तपाईं समाधान गर्ने कोसिस गर्दै हुनुहुन्छ?"

त्यो प्रश्नको जवाफ मानिसहरूले परिभाषित गरेका छन्। हामीसँग अर्को धर्मका मानिसहरू छन, जसले खीष्टलाई चिन्दैनन्। हामीले समाधान गर्न खोजिरहेको समस्या त्यही हो। त्यो एउटा कारण(उद्देश्य) हो। हामीसँग यस्ता बाल-बालिकाहरू छन् जो सडकमा जिउँछन् छन् र खानेकुरा खान पाउँदैनन्। हामीले समाधान गर्न खोजिरहेको समस्या त्यही हो। त्यो एउटा कारण(उद्देश्य) हो।

तपाईं देख्नुहुन्छ, एउटा कार्यक्रम भनेको खुवाउने कार्यक्रम हो। एउटा कार्यक्रम भनेको एउटा सुसमाचारीय कार्यक्रम हो, र त्यस्ता कार्यक्रमहरू न्यायसंगत छन्। तर जब हाम्रो सोच केवल कार्यक्रममा केन्द्रित हुन्छ, तब हामी सजिलैसँग कार्यक्रमहरूको व्यवस्थापन र सफलतामा मात्र ध्यान दिन्छौं। जब तपाईंको सोच कारण वा उद्देश्यमा हुन्छ, तब तपाईं रचनात्मक परिवर्तन गर्नका लागि तयार हुनुहुन्छ। कार्यक्रमहरू सधैं परिवर्तन हुनैपर्छ। यदि कुनै एउटा कार्यक्रम सफल भयो भने, त्यसले वातावरण परिवर्तन ल्याउनेछ।

बाल-बालिकाहरू अब सडकमा हुनेछैनन्। त्यसैले त्यो कार्यक्रम परिवर्तन गर्नुपर्छ, किनकि तपाईं वास्तवमा वातावरण परिवर्तन गर्न सफल हुनुभएको हुन्छ। यदि कुनै कार्यक्रम सफल भएन भने, यो निश्चित रूपमा परिवर्तन हुनैपर्छ, किनकि यसले जे गर्नुपर्छ त्यो गरिरहेको हुँदैन। जे भए पनि, कार्यक्रमहरू सधैं परिवर्तन हुनुपर्छ। दृष्टिकोण, कारण (उद्देश्य) ले जरा गाडेर बस्छ। जब कामलाई परिभाषित गर्ने तपाईंको सोच सधैं कार्यक्रममा केन्द्रित हुन्छ, तब तपाईं सधैं रचनात्मकता र नयाँ कुरा गर्नुमा भन्दा बरु व्यवस्थापन गर्नु र वृद्धिमा मात्र भर पर्नुभएको हुनेछ। तपाईंको सोचमा, कार्यक्रमको बारेमा धेरै सोचविचार नगर्नुहोस्। कारण(उद्देश्य)को बारेमा सोच्नुहोस्। कारणको बारेमा कुराकानी गर्नुहोस्। त्यो उद्देश्य र तपाईं पुग्न चाहनुभएका मानिसहरूमा केन्द्रित भएर योजना बनाउनु होस्।

त्यहाँ चौथो परिवर्तन छ, यो एउटा यस्तो परिवर्तन जुन त्यस प्रकारको परिवर्तित सोच प्राप्त गर्नका निम्ति हाम्रो सोचमा परिवर्तन हुन्छ। अर्थात्, परमेश्वरसँग तपाईंको साझेदारीको कुरा आउँदा तपाईं कसरी सोच्नुहुन्छ र तपाईंको सोच कस्तो हुन्छ? अब, यो कुरा सुन्नुहोस् र हेर्नुहोस् कतै तपाईं यो बुझ्न सक्नुहुन्छ कि! मलाई लाग्छ, कि हामीले बलिदान गर्नेबाट परिवर्तन भएर विश्वास गर्नुपर्छ।

अब, यसको अर्थ बलिदान महत्त्वपूर्ण र आवश्यक छैन भन्ने होइन। तर यदि हामीमा एक मात्र सोच बलिदानको हुन्छ, यसले हामीलाई एक निश्चित तरिकाले काम गर्न र सेवा गर्न प्रेरित गर्नेछ। यदि हाम्रो सोच विश्वासको सोच हो भने त्यसले हामीलाई फरक तरिकाले काम गर्न प्रेरित गर्नेछ। सोचमा हुने यी सबै परिवर्तनहरू खराबबाट असलतर्फ हुँदैनन्। एक प्रकारले मलाई लाग्छ, कि यो अझ गौरवशाली, बाइबलीय तरिका हो। परमेश्वरसँगको हाम्रो साझेदारीको सम्बन्धमा म यो सोच परिवर्तनको बारेमा बताउँछु। जब तपाईंको ध्यान सधैं बलिदानमा हुन्छ, तपाईं त्यो सोचको केन्द्रमा हुनुहुन्छ।

म परमेश्वरका लागि कुन कुरा बलिदान गर्नेछु? म परमेश्वरका लागि कसरी बलिदान दिन सक्छु? अनि तपाईंमा त्यो मनोवृत्ति भएको लागि म तपाईंको प्रशंसा गर्छु। अनि तपाईंहरूमध्ये धेरैले गम्भीर बलिदानहरू गर्दै हुनुहुन्छ। तर त्यस्तो सोचले तपाईंको मानवीय क्षमता र तपाईंको बलिदानमा जोड दिन्छ। जब तपाईंसँग विश्वास गर्ने सोच (मानसिकता) हुन्छ, तब यसले तपाईंको बलिदानले हासिल गर्न सक्ने भन्दा धेरै गर्न परमेश्वरको क्षमतामा जोड दिन्छ। किनकि तपाईंले यो सोचलाई मेरो प्रतिबद्धताबाट परमेश्वरको प्रतिज्ञातर्फ परिवर्तन गरिरहनुभएको हुन्छ। यसको सबैभन्दा असल उदाहरण अब्राहाम हुन्।

धर्मशास्त्र बाइबलमा अब्राहाम यस्ता कुलपिताको रूपमा छन् जसलाई परमेश्वरले इस्राएली राष्ट्र वा जातिको जग बसाल्न प्रयोग गर्नुभयो, तर उनी रोमीको पुस्तक र नयाँ करारमा पनि हाम्रा लागि एक नमुनाको रूपमा छन्, बलिदान दिने व्यक्तिको रूपमा होइन, तर विश्वास गर्ने व्यक्तिको नमुनाको रूपमा छन्। अब, के अब्राहामले बलिदान गरे? अवश्य पनि उनले बलिदान गरे। तर रोमीको पुस्तकमा, हामी देख्छौं, परमेश्वरले उनलाई धार्मिकता प्रदान गर्नुहुन्छ, किनकि अब्राहामले उहाँमाथि विश्वास गरे जसले उनलाई एउटा प्रतिज्ञा दिनुभएको थियो। उनको यस प्रकारको विश्वास थियो।

बलिदान गर्नु एक प्रकारले सजिलो छ। बलिदान गर्दा हामी केही कुरा त्याग्दछौं। विश्वासको लडाइँ लडछौं।

वास्तवमा यो केही कठिन हुन्छ, किनकि अब तपाईं परमेश्वरमा भरोसा गरिरहनुभएको हुन्छ। अब महत्त्वपूर्ण कुरा के हो भने तपाईं यो एक्लै गर्नुहुन्न। तपाईं बुझ्नुहुन्छ, कहिलेकहीँ म एक्लै बलिदान गर्छु, तर विश्वास मैले त्यो एकसाथ मिलेर गर्नुपर्छ, जहाँ दुई वा तीन जना भेला हुन्छन्।

म तपाईंलाई चुनौती दिन चाहन्छु, कि जब तपाईं बलिदान र विश्वासको बारेमा सोच्नुहुन्छ, तर त्यो एकअर्कोको विरोधमा नहोस्, तर जब तपाईंको सोच बलिदानमा धेरै डुबेको हुन्छ, अर्थात् त्यस बेला म के गर्दैछु र म परमेश्वरका लागि के बलिदान गर्दैछु भन्ने कुरामा डुबेको हुन्छ, त्यस बेला तपाईंलाई एउटा नयाँ मन चाहिन्छ, जुन मन परिवर्तित भएको हुन्छ।

परमेश्वरसँगको साझेदारीमा मेरो सोच अब्राहामको नमुना जस्तै छ, यो विश्वासको हो। परमेश्वरले मलाई बलिदान गर्नू भन्नुहुनेछ, तर त्यो सहज हुनेछ, किनकि म परमेश्वरले मद्वारा असाधारण तरिकाले काम गर्नुहुनेछ भनी भरोसा गरिरहेको छु। लक्ष्यको केन्द्र, तारोको केन्द्र बलिदान होइन, विश्वास हो।

त्यसपछि यहाँ अन्तिम सोच परिवर्तन छ, जुन मलाई महत्त्वपूर्ण लाग्छ। यसमा हामी नयाँ मन प्राप्त गर्ने, रणनीतिक र उद्देश्यपूर्ण हुने अनि हाम्रो सेवकाई र यी विभिन्न परिवर्तनहरू कसरी गर्ने भन्ने विषयमा परमेश्वरको इच्छा के हो भनेर जान्ने र स्वीकार गर्ने बारेमा कुरा गर्छौं। अन्तिम कुरा यो हो कि म चाहन्छु कि तपाईं मण्डलीको बारेमा कसरी सोच्नुहुन्छ सोबारे विचार गर्नुहोस्।

तपाईं आफ्नो बारेमा, परमेश्वरसँग तपाईंको साझेदारीको बारेमा, तपाईंका रणनीतिहरूको बारेमा, तपाईंको सफलताको बारेमा कसरी सोच्नुहुन्छ त्यो जान्नुहुन्छ। तर तपाईं मण्डलीको बारेमा कसरी सोच्नुहुन्छ? मैले विभिन्न क्षेत्र र समुदायहरूमा रहेको स्थानीय मण्डलीको कुरा गरेको हुँ, जसको हामी सदस्य हौं। धेरै अगुवाहरूले मण्डलीलाई एउटा संस्थाको रूपमा सोचेका मैले पाएको छु। उनीहरू यसलाई यो एक संस्था, मानिसहरूको संकलन हो भन्ने मान्छन्। हामीले यो सोचमा परिवर्तन गर्नु आवश्यक छ, किनकि यो भवन र नाम भएको केवल एउटा संस्था मात्र होइन।

यो एक संस्कृति हो। यो एक मानिसहरू हो, एउटा परिवार हो। यो एउटा पहिचान हो।

एक प्रकारले हामी यो पहिचान बोक्छौं, जसलाई बाइबलले मण्डली हो भनी सिकाउँछ। यो एउटा फौज हो र यो एउटा परिवार हो। तर यो कुनै सामूहिक संस्था होइन।

यसमा कानुनी दस्तावेजहरू छन्, तपाईंहरूमध्ये धेरै जनाको नाउँ तपाईंका क्षेत्रहरूमा दर्ता भएको छ, त्यसैले यसमा त्यो संस्थागत तत्व छ। तर जब त्यो तपाईंको सोच बन्छ र तपाईं यसलाई त्यस प्रकारले हेर्नुहुन्छ र तपाईं सहकर्मीहरूलाई त्यसरी हेर्नुहुन्छ र तपाईंले यो संस्कृति र यी मानिसहरूको सट्टा मण्डलीको पहिचानलाई त्यसरी देख्नुहुन्छ तब तपाईंले परमेश्वरले भन्नुभएको सत्य कुरालाई बिर्सनुहुन्छ, “सुन, मण्डली एउटा परिवार

हो र यो एउटा फौज हो। तिमीहरू सबै दाजुभाइ, दिदी-बहिनीहरू हौ, तर तिमीहरूलाई थाहा छ? तिमीहरू सेनापति र सर्जेन्टहरू र निजी सिपाहीहरू पनि हौ। तिमी फौजमा छौ र त्यहाँ आत्मिक अधिकार छ, तर तिमीहरू एक परिवार हौ र तिमीहरू सबै एक हौ।" अनि कहिलेकहीँ त्यो पहिचान धेरै गाह्रो हुन्छ, किनकि एक सेनापतिको रूपमा एक भाइसँग कुराकानी गर्नु गाह्रो हुन्छ। तपाईंले आफ्नो टोपीमा के छ भन्ने कुरामा स्पष्ट हुनुपर्छ। तर म मण्डलीबाट कसरी हेर्छु भन्ने सोचबाट सुरु गर्नुपर्छ।

के म यसलाई केवल एउटा संस्था, मानिसहरूको समूहको रूपमा मात्र हेर्छु? वा के म यसलाई एउटा जीवित, सास फेर्ने संस्कृतिको रूपमा हेर्छु, जुन परिवार र फौज दुवै हो। मलाई जान्दछु, त्यहाँ तनाउ हुन सक्छ र कठिनाइहरू हुन सक्छन्, तर मण्डली एक सेवकाईको रूपमा एक अभियान हो। यो एक जीवित, सास फेर्ने चीज हो।

त्यसैले यो सधैं गतिशील हुन्छ र यो सधैं परिवर्तन भइरहेको हुन्छ र एक अर्थमा हामी यसलाई त्यसतर्फ बढाइरहेका हुन्छौं। रोमी १२:२ एउटा धेरै महत्त्पूर्ण पद हो, जसले भन्छ, "आफ्नो मनको नयाँ भई पूर्ण रूपले परिवर्तित होओ।" यस संसारको ढाँचामा नचल। यहाँ पावलले नैतिकताको बारेमा कुरा गरिरहेका हुन् जस्तो मलाई लाग्दैन। नयाँ करारमा अरू पदहरू छन् जसले त्यस विषयमा कुरा गर्छन्। तिनले हाम्रो सोच ( मानसिकता)को बारेमा कुरा गर्दैछन्। कुनै विशेष सोचमा नफस्नुहोस्, तर नयाँ मन प्राप्त गर्नुहोस्।

तपाईंले आफैलाई मूल्याङ्कन गर्दा परमेश्‍वरका आत्माले तपाईंलाई ईश्‍वरीय स्तरमा सोच्न र यी परिवर्तनहरूमाथि विचार गर्न सहायता गर्नुहुन्छ। हामीले छलफल र वर्णन गरेझैं एक प्रकारको सोचले विचार गर्दा त्यसले तपाईंलाई एक विशेष प्रकारले काम गर्न, भिन्नै प्रकारले निर्माण र अगुवाइ गर्न, अनि अन्त्यमा परमेश्‍वरको फलदायीपन देख्न सक्षम बनाउँछ। तपाईं आफ्नो निम्ति परमेश्‍वरको सिद्ध र मनपर्दो इच्छा जाँच्न र स्वीकार गर्न सक्षम हुनुहुनेछ। परमेश्‍वरसँग तपाईं र तपाईंको सेवकाईका निम्ति रणनीतिक (अनुकूल) इच्छा छ। यो तपाईं यी क्षेत्रहरूको बारेमा कसरी सोच्नुहुन्छ भन्ने कुराबाट सुरु हुँदछ। पवित्र आत्मालाई तपाईंको मन नयाँ बनाउन दिनुहोस्।

यी गहिरोसँग अध्ययन गर्नुहोस्। ती विषयबारे आफ्नो झुण्डसँग कुराकानी गर्नुहोस् र आफैलाई मूल्याङ्कन गर्नुहोस् र त्यसपछि तपाईंका लागि ती परिवर्तनहरू गर्न परमेश्‍वरसँग सहायता माग्नुहोस्। ती परिवर्तनहरूप्रति एकअर्कालाई जवाफदेही बनाउनुहोस्, ताकि तपाईंले यसो भन्न सक्नुहोस्, "तपाईंलाई थाहा छ? बाटो परिभाषित गर्ने कार्यक्रमहरूको बारेमा धेरै नसोचौं। हामी कारण (उद्देश्य)को बारेमा सोचौं। हामी बलिदानको बारेमा धेरै कुरा नगरौं। हामी विश्‍वासको बारेमा कुरा गरौं।" हामी यी पाँचवटा सोचमा परिवर्तन गरौं, त्यसपछि हामी सेवकाईमा हाम्रो नेतृत्वद्वारा परमेश्‍वरको सिद्ध, मनपर्दो इच्छाले काम गरिरहेको देख्नेछौं।